ऐन नं.- १

याङ्वरक गाउँपालिका

# याङ्वरक गाउँपालिकाको आर्थिक ऐन,२०७४

याङ्वरक गाउँसभाबाट स्वीकृत मितिः-२०७४/०५/२२

याङ्वरक गाउँपालिका

थेचम्बू, ताप्लेजुङ,

१ नं .प्रदेश ,नेपाल

## याङवरक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०७४\७५ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम याङवरक गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त याङवरक गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. घर जग्गा करः** गाउँपालिकाको क्षेत्र भित्र अनुसूची (१) बमोजिम घर जग्गा कर लगाईने र असुल उपर गरिने छ ।

**३. भूमी कर (मालपोत)**: गाउँपालिका भित्र अनुसूची २ बमोजिम भुमीकर (मालपोत) लगाईने र असुल उपर गरिने छ ।

**४. घर वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छपर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय करः** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असुल उपर गरिने छ ।

**७. सवारी पटके करः** गाउँपालिका क्षेत्र भित्रसबै प्रकारका सडकहरूको उपभोग गरेवापत सवारीहरूबाट अनुसूची (६) बमोजिम सवारी पटके कर लगाइने र असुल उपर गरिनेछ ।

**८. बिज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्विकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

केशर कुमार सुब्बा
अध्यक्ष

**९. मनोरन्जन करः** गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्वस्था भएको अवस्थामासोही बमोजिम हुनेछ ।

**१०. बहाल बटौरी शुल्कः** गाउँपालिका क्षेत्र भित्र आफूले निर्माण,रेखदेख वा संचालन गरेको अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको ब्यवस्था अनुसार वहाल बिटौरी कर लगाईने र असुल उपर गरिने छ ।

**११. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सावारी साधनलाई पार्कीङ सुविधा उपलब्ध गराएबापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१२. ट्रेकिङ, कोयोकीङ, क्यानोईङ, बन्जिजम्पीङ, जिपफ्लायर, र र्‍याफ्टिङ शुल्कः**- गाउँपालिकाले आफनो क्षेत्र भित्र ट्रेकिङ, कोयोकीङ, क्यानोईङ, बन्जिजम्पीङ, जिपफ्लायर, र र्‍याफ्टिङ सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१३. सेवा शुल्क दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको गरेको अनुसूची १२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नि क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तरउ, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५. कर छुटः** यस ऐन बमोजिम कर कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर चालू आ.व. भित्रै भुक्तानी गरे अनुसूची १ र २ बमोजिमको करमा १० % कर छुट दिईनेछ ।

**१६. कर तथा शुल्क संकलन संकलन सम्बन्धि कार्यविधीः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

केशर कुमार जुङ्गा
अध्यक्ष

## अनुसूची १

### दफा २ संग सम्बन्धित

### घर जग्गा (घर धुरी) करको दर (बार्षिक)

| क्र.स. | बिवरण | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १ | दुई वा सो भन्दा बढी तला भएको पक्की घर | ८०० | |
| २ | एक तले पक्की घर | ५०० | |
| ३ | अर्ध पक्की घर | ३०० | |
| ४ | जस्ताको छानो भएको घर | १५० | |
| ५ | टाईलको छानो भएको घर | १५० | |
| ६ | खर वा परालको छानो भएको घर | ५० | |

## अनुसूची २

### दफा ३ संग सम्बन्धित

### भूमी कर (मालपोत) दर

(प्रति रोपनी रु. मा)

| क्र.स. | बिबरण | खेत | पाखो बारी | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल | ६ | ५ | |
| २ | दोयम | ५ | ४ | |
| ३ | सिम | ४ | ३ | |
| ४ | चाहार | ३ | २ | |
| ६ | घडेरी प्रयोजनमा प्रयोग भईरहेको जग्गा | प्रति आना रू. १०० | | |

नोटः- १. अतिरिक्त कर सम्बन्धमा

क) कूल जग्गा ५ रोपनी भन्दा कम भएमा एक मुष्ट ५ तिर्नु पर्नेछ । साथै रू. ५ भन्दा कमको रसिद काटिने छैन ।

ख) ५ रोपनी वा सो भन्दा बढी ३० रोपनीसम्म जग्गा भएमा अन्य थप कर लाग्ने छैन ।

ग) ३० रोपनी भन्दा बढि ५० रोपनी सम्म जग्गा भएमा मालपोत लाग्ने करको अतिरिक्त थप २०% कर लाग्नेछ ।

घ) ५० रोपनी भन्दा बढी ८० रोपनीसम्म जग्गा भएमा थप ३०% अतिरिक्त कर लाग्ने छ ।

ङ) ८० रोपनी भन्दा बढी १०० रोपनी सम्म जग्गा भएमा थप ४०% अतिरिक्त कर लाग्नेछ ।

च) १०० रोपनी भन्दा बढी जग्गा भएमा मालपोत लाग्ने करको अतिरिक्त थप ५०% कर लाग्नेछ।

नोटः- २ जरीवाना सम्बन्धमा

क) हरेक आ.व.को मालपोत सालवसाली रुपमा आ.व. नसकिदै बुझाउनु पर्ने छ । सो नबुझाए निम्न बमोजिम जरिवाना लाग्नेछ।

१. पहिलो बर्ष भए १०%

२. दोस्रो बर्ष भए २०%

३. तेस्रो बर्ष भए ३०%

४. चौथो बर्ष भए ४०%

५. पाचौ बर्ष भए ५०%

६. छैठौं बर्ष भए ६०%

७. सातौ बर्ष भए ७०%

८. आठौ बर्ष भए ८०%

९. नवौं बर्ष भए ९०%

१०. दशौं बर्ष भए १००%

११. र सो भन्दा बढी जतिसुकै बर्षको बक्यौता भए पनि १२५% जरिवाना लाग्नेछ ।

## अनुसूची ३

दफा ४ संग सम्बन्धित

घर बहाल करको दर(प्रति कोठा)

| क्र.स. | विवरण | गाउँ क्षेत्र | बजार क्षेत्र |
|---|---|---|---|
| १ | पक्की | ५% | १०% |
| २ | कच्ची | ५% | १०% |

## अनुसूची ४

दफा ५ संग सम्बन्धित

व्यवसायतर्फको दर्ता तथा नवीकरण करको दर रू.मा

(ब्यापार ब्यबसाय तर्फ)

| क्र.स. | व्यवसायको प्रकार | २ लाख सम्म | १० लाखसम्म | १० लाख भन्दा बढी |
|---|---|---|---|---|
| १ | किराना पसल | २०० | ५०० | १००० |
| २ | चिया नास्ता पसल | १०० | २०० | ३०० |
| ३ | होटल (खाने बस्ने सुबिधा भएको) | ५०० | १००० | २००० |



केशर कुमार ... अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | थान कपडा पसल | २०० | ७०० | १५०० |
| ५ | हार्डवेयर पसल | ५०० | १००० | २००० |
| ६ | तरकारी तथा फलफूल पसल | ५० | १०० | २०० |
| ७ | स्टेसनरी, पुस्तक, पत्रपत्रिका पसल | २०० | ५०० | ८०० |
| ८ | फेन्सी कपडा पसल | २०० | ५०० | १००० |
| ९ | औषधी पसल(पसु औषधी समेत) | १०० | २०० | ५०० |
| १० | टेलरीङ | १०० | २०० | ५०० |
| ११ | फर्निचर पसल | ५०० | १००० | २००० |
| १२ | ट्युसन कोचिङ सेन्टर | १०० | २०० | ३०० |
| १३ | दर्तावाला मदिरा पसल | ५०० | २००० | ५००० |
| १४ | सुन चाँदी पसल निर्माण समेत | १००० | ३००० | ५००० |
| १५ | भाँडा पसल | ५०० | १००० | १५०० |
| १५ | घडि रेडियो, मोवायल लगायत इलेक्ट्रोनिक पसल | २०० | १००० | २००० |
| १६ | घडी रेडियो मोवायल आदि मर्मत सेन्टर | १०० | ३०० | ६०० |
| १७ | ब्युटिपार्लर, हजाम | १०० | ३०० | ५०० |
| १८ | मोटर साईकल, गाडी मर्मत सेन्टर | ५०० | १५०० | २५०० |
| १९ | मनी ट्रान्सफर | ५०० | १५०० | ३००० |
| २० | मासु पसल | ५०० | १००० | १५०० |
| २१ | कस्मेटिक | २०० | ५०० | १००० |
| २२ | आर्ट सेन्टर | १०० | २०० | ३०० |

## उध्योग ब्यबसाय तर्फ

| २ | बिबरण | ५ लाख सम्म | १५ लाख सम्म | १५ लाख भन्दा बढी |
|---|---|---|---|---|
| | क) ईट्टा भट्टा | ५००० | १०००० | १५००० |
| | ख) स- मील फर्निचर उदयोग | २००० | ५००० | १०००० |
| | ग) कुटानी पिसानी मील | ५०० | १००० | १५०० |
| | घ) छपाई प्रेश | ५०० | १००० | १५०० |

केशर कुमार सुब्बा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | ङ) थुक्पा, पाउरोटी, बोस्कुट उद्योग | ५०० | १००० | १५०० |
| | च) कृषी औजार निर्माण उद्योग | १०० | २०० | ३०० |
| | छ) ग्रील उध्योग | १००० | २००० | ३००० |
| | ज) अन्य उद्योगलाई उद्योगको प्रकृतिहेरी | रु ५०० देखी १५००० सम्म लिन सकिने | | |

## अनुसूची ५

### दफा ६ संग सम्बन्धित

### जडीबूटी, कवाडी र जीबजन्तु करको दर

| क्र.स. | विवरण | दर (प्रति मन) रू. मा | कैफियत |
|---|---|---|---|
| १ | चिराईतो निकासी | २०० | |
| २ | अलैंची | ५०० | |
| ३ | अम्रिसो | १५ | |
| ४ | अन्य प्रकृति हेरि निर्धारण गरिनेछ । | | |
| | नोटः हाल लाई यस शीर्षकको कर जि.स.स.ले उठाउने व्यवस्था भएकोले सकृय नहुने | | |

## अनुसूची ६

### दफा ७ संग सम्बन्धित

### सवारि साधनमा पटके कर

| क्र.स. | सडक | दर | | | कैफियत |
|---|---|---|---|---|---|
| | | ट्याक्सी | बस | ह्याभी ठूला गाडी | |
| १ | थेचम्बू - बिर्तामोड | २० | ३० | ५० | |
| २ | थेचम्बू- फुङलिङ | २० | ३० | ५० | |
| ३ | तिरिङ्गे- फुङलिङ | २५ | ३५ | ६० | |
| ४ | डुमृसे- थेचम्बू- फुङलिङ | ४० | ६० | १०० | |
| ५ | थुम्बेदिन- बिर्तामोड | २० | ३० | ५० | |
| ६ | | | | | |

## अनुसूची ७

### दफा ८ संग सम्बन्धित

### विज्ञापन कर दर

| क्र.स. | होर्डिङ बोर्ड | वाल पेन्टिङ | कैफियत |
|---|---|---|---|
| प्रति वर्ग फिट | १० | ५ | |
| | | | |

## अनुसूची ८

### दफा ९ संग सम्बन्धित

### मनोरञ्जन करको दर

| | | | | |
|---|---|---|---|---|
| पछी निर्धारण गरने छ । | | | | |
| | | | | |

## अनुसूची ९

### दफा १० संग सम्बन्धित

### बहाल बिटौरी शुल्क दर

| | | | | |
|---|---|---|---|---|
| पछि निर्धारण गरिनेछ । | | | | |
| | | | | |

## अनुसूची १०

### दफा ११ संग सम्बन्धित

### पार्कीङ शुल्क दर

| | |
|---|---|
| पछि निर्धारण गरिनेछ । | |

अनुसूची ११

दफा १२ संग सम्बन्धित

ट्रेकिङ, कोयोकीङ, क्यानोईङ, बन्जिजम्पीङ, जिपफ्लायर, र र्याफ्टिङ शुल्क दर

| पछि निर्धारण गरिनेछ । | | | | |
|---|---|---|---|---|
| | | | | |

अनुसूची १२

दफा १३ संग सम्बन्धित

सिफारिश\सेवा, शुल्क\दस्तुर

| क्र.स. | विवरण | सिफारिस\प्रमाणित दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | निवेदन | १० | |
| २ | नागरिकता सम्बन्धि सिफारिस | | |
| | अनुसूची १ र प्रतिलिपी सिफारिस | १५० | |
| | अनुसूची ३ सिफारिस | २०० | |
| | सनाखत सम्बन्धी सिफारिस | २०० | |
| | नागरिकता बिबरण संशोधन | २०० | |
| | नागरिकता संशोधन | ५०० | |
| ३ | जग्गाको स्रेस्ता कार्यान्वयन र दर्ता सिफारिस | | |
| | बजार क्षेत्र र राजमार्गसंग जोडिएको जग्गा प्रति रोपनी | १०० | |
| | ग्राभेल सडकले जोडिएको जग्गा प्रति रोपनी | ५० | |
| | कच्ची सडकले जोडिएको जग्गा प्रति रोपनी | २५ | |
| | अन्य जग्गा प्रति रोपनि | २० | |
| ४ | जग्गाको चार किल्ला प्रमाणित | | |
| | १५ रोपनि सम्म | ५०० | |
| | ३० रोपनी सम्म | ७०० | |
| | ३० रोपनी भन्दा बढी | १००० | |
| ५ | जग्गा चार किल्ला सिफारिश | | |
| | १५ रोपनी सम्म | ५०० | |
| | ३० रोपनी सम्म | ७०० | |
| | ३० रोपनी भन्दा बढी | १००० | |

| | | | |
|---|---|---|---|
| ६ | घर जग्गा मूल्याङ्कन र आम्दानी प्रमाणित | | |
| | घर जग्गाको मूल्याङ्कन प्रतिहजार | रू १ | |
| | आम्दानी प्रमाणित प्रतिहजार | रू १ | |
| | बिध्यार्थी भिषा प्रयोजको लागि | २५% छुट | |
| ७ | घरबाटो प्रमाणित | ५०० | |
| ८ | धनीपूर्जामा घर कायम | ५०० | |
| ९ | जग्गा सम्बन्धी अन्य सिफारीश | | |
| | पूर्जामा विवरण संशोधन | २०० | |
| | पूर्जा हराएको | २०० | |
| | जग्गा नरबढी कायम | ५०० | |
| १० | पेन्सन सम्बन्धी सिफारीश | | |
| | पेन्सन नामसारी | १००० | |
| | परिवार बिवरण प्रमाणीत | ५०० | |
| | रहल पेन्सन जीवित सिफारिस | ५०० | |
| ११ | घर सार्ने तथा नीजी वनको काठ सिफारिस | | |
| | एक तले घरको काठ | २०० | |
| | दुई वा सो भन्दा बढी तले घरको काठ | ४०० | |
| | गोलिया काठ प्रति ट्रक | ५०० | |
| | गोलिया काठ प्रति टयाक्टर | २०० | |
| | दाउरा प्रति ट्रक | ५० | |
| | दाउरा प्रति ट्याक्टर | २५ | |
| | रुख प्रति गोटा | २० | |
| १२ | संस्था दर्ता | | |
| | संस्था दर्ता नवीकरण | १००० | |
| | नीजि विद्यालय दर्ता, कक्षा थप | १००० | |
| | सहकारी, वित्तीय संस्था दर्ता | १००० | |
| | सहकारी वित्तीय संस्था नवीकरण र खारेजी | ५०० | |
| १३ | हातहतियार नविकरण सिफारिस | ५०० | |
| १४ | अन्य सिफारिश | | |
| | नाता प्रमाणित | २५० | |
| | स्थायी बसोवास, चाल चलन प्रमाणित | २०० | |
| | जन्म मृत्यु, विवाहित, अविवाहित प्रमानित | २०० | |
| | बैदेशिक रोजगार प्रमानित | २०० | |
| | घरेलु उद्योग दर्ता | २०० | |



केशर कुमार सुवाल
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | कर चुक्ता प्रमाणित | २०० | |
| | विद्युत, फोन, धारा जडान सिफारिस | २०० | |
| | नावालक परिचय पत्र सिफारिस | २०० | |
| | दुई वटा नाम प्रमाणित सिफारिस | २०० | |
| | आदिवासी\जनजाती, दलित, अल्पसंख्यक, मुस्लिम, मधेसी, पछडा वर्ग सिफारिस प्रमाणित | २०० | |
| | आर्थिक विपन्नता वा सम्पन्नता भएको सिफारिस | २०० | |
| | परिवार विवरण प्रमाणित | १०० | |
| | यसमा उल्लेखित नभएका सिफारिस प्रकृति हेरी | रू १०० देखी रु ५०० सम्म लिन सकिने | |
| १५ | घरायसी राजिनामा प्रमानित | | |
| | घर जग्गा घरायसी राजिनामा लिखत प्रमानित | ५०० | |
| | कपाली तमसुक प्रमानित | ५०० | |
| १६ | घर नक्सा पास | | |
| | नयाँ निर्माण प्रतिवर्ग फुट | ३ | |
| | पुरानो प्रति वर्ग फुट | २ | |
| | कम्पाउण्ड वाल प्रति वर्ग फुट | १ | |
| | बिक्री आय | | |
| | पुराना सामान दाउरा काठ बिक्री | | |
| | फारम बिक्री | १० | |
| | ऐन, नियमावली, कार्यविधी, गाउँपार्श्व चित्र आदि तोकीए बमोजिम हुने | | |
| | कार्यालयको कागजात उतार प्रतिलिपी प्रतिपाना | ५ | |
| १७ | दण्ड सजाय | | |
| | पञ्जिकरण बिलम्ब शुल्क | ५० | |
| | पञ्जिकरण सेवा शुल्क | ५० | |
| | पंजिकरण प्रतिलिपी | २०० | |
| | पंजिकरण प्रमाण पत्र संशोधन | २०० | |
| | पंजिकरण संशोधनको अनुमति | २०० | |
| | ३५ दिन भित्रको घटना दर्तामा कुनै किसिमको शुल्क नलाग्ने | | |
| १८ | सर्जमीन मुचुल्का प्रमाणित | ५०० | |

| | | | |
|---|---|---|---|
| १९ | कन्सुलर सम्बन्धि कागजात भेरीफिकेशन | १००० | |

नोटः- उल्लेखित सबै प्रकारको सिफारिसहरूलाई अंग्रेजीमा तयार गर्दा दोब्बर दस्तुर लिईनेछ ।

अनुसूची १३

दफा १४ संग सम्बन्धित

## पर्यटन शुल्क

| पछि निर्धारण गरिने छ । | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

प्रमाणित

केशर कुमार सुब्बा
अध्यक्ष